# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

पत्र संख्या : ०७६/०७७ मिति: २०७६।०५।३१

चलानी नं.: ४८५

**विषयः- संविधान दिवसलाई भव्यता र व्यापकताका साथ मनाउने कार्यक्रम सम्बन्धमा ।**

श्री वडा कार्यालय (१-९ वडा),

दक्षिणकाली नगरपालिका ।

संविधान दिवस, २०७६ लाई राष्ट्रिय दिवसको रुपमा भव्यताका साथ मनाउने सिलसिलामा यस नगरपालिकाका नगर प्रमुख एवं मूल समारोह समितिका संयोजक श्री मोहन बस्नेतज्यू तथा उपसमितिका पदाधिकारीहरुको उपस्थितिमा मिति २०७६।०५।३१ गते बसेको बैठकका निर्णयहरु यसैसाथ संलग्न राखी पठाईएको छ । निर्णयानुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

..................................

नुमानन्द दमासे

नि.प्रमुख प्रशासकीय अधिकृत

फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

आज मिति २०७६ भाद्र ३१ गतेका दिन संविधान दिवस २०७६ को मूल समारोह समितिका संयोजक तथा नगर प्रमुख श्री मोहन बस्नेतको संयोजकत्वमा समिति तथा उपसमितिका सदस्यहरु र अन्य व्यक्तिहरुको उपस्थितीमा बैठक बसी तपसिल बमोजिमका निर्णयहरु गरियो :

<u>प्रस्तावहरु</u> :-

१. कार्यक्रम तालिका सम्बन्धमा
२. उपसमितिहरुको जिम्मेवारी सहित सदस्य सचिव, सहयोगी कर्मचारी तोक्ने सम्बन्धमा
३. मञ्च व्यवस्थापन सम्बन्धमा
४. सरसफाई सम्बन्धमा
५. वृक्षारोपण सम्बन्धमा
६. पुरस्कार तथा प्रमाणपत्र सम्बन्धमा
७. सहभागिता सम्बन्धमा
८. कर्मचारी हाजिरी सम्बन्धमा
९. विविध

<u>निर्णयहरु</u> :-

१. प्रस्ताव नं. १ उपर छलफल हुँदा तल उल्लेखित कार्यक्रम तालिका स्वीकृत गर्ने निर्णय गरियो :

**संविधान दिवस २०७६ मनाउनका निम्ति मिति २०७६ असोज २, ३ र ४ गते मनाइने कार्यक्रमहरुको विवरण :**

<u>मिति २०७६ असोज २ गतेको कार्यक्रमहरु</u>

- उप-प्रमुखको नेतृत्वमा मिति २०७६ असोज २ गते समय ७:३० बजे बाट नगर भित्रका मठ-मन्दिर, बौद्ध गुम्बाहरु, चर्चहरु, पर्यटकीय स्थलहरुमा सरसफाईको प्रबन्ध मिलाउने । तत्पश्चात नगरभित्र प्रभातफेरी गर्ने ।
- असोज २, ३ र ४ गते बेलुका सबै सरकारी कार्यालय, संघ संस्था, मठ-मन्दिर, बौद्ध गुम्बाहरुका साथै सबै जनताहरुले आ-आफ्नो घरमा साँझमा भव्य दिपावली गर्ने व्यवस्था गर्ने ।

<u>मिति २०७६ असोज ३ गतेको कार्यक्रमहरु</u>

- असोज ३ गते बिहान १०.३० बजे नगरपालिकाको प्राङ्गणमा जम्मा भै नगर प्रमुखज्यू को नेतृत्वमा सहभागीहरु सबैले हात-हातमा झण्डा र ब्यानर लिई प्रभातफेरी झम्केश्वरी प्राङ्गणबाट शुरु भई सात टोल घुम्ने, नगरपालिका प्राङ्गणमा भेट हुने र न्यालिका सहभागीहरुलाई एकीकृत र व्यवस्थित गरी बस्ने व्यवस्था मिलाउने ।
- सबै कर्मचारीहरु हातहातमा झण्डा लिई प्रभात फेरी सहित नगरपालिका प्राङ्गणमा जम्मा हुने ।-
- प्रत्येक वडाहरुबाट झाँकी सहित नगरपालिका प्राङ्गणमा उपस्थित हुने । प्रत्येक टोल सुधार समिति मठ-मन्दिर, बौद्ध गुम्बा, ब्यान्ड बाजा, पञ्चैबाजा सहित झाँकीमा जुलुसमा सहभागीमा हुने ।

नुमानन्द दमासे
अधिकृत सातौं

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७६ असोज ४ गतेको कार्यक्रम :**

१) वृक्षारोपण उप-समितिका पदाधिकारीको टिमले बिरुवाको व्यवस्था गरी बिहानको ७:३० बजे भेला जम्मा भई बिरुवा रोप्ने ।

२) १ घर २ बिरुवा रोप्ने अभियानको रुपमा सञ्चालन गर्ने ।

❖ मंच व्यवस्थापन समितिले २०७६ असोज ३ गतेका लागि मञ्च र सहभागीहरु बस्ने व्यवस्था मिलाउने तथा मञ्च सजाएर आकर्षक बनाउने । पुष्प गुच्छाहरु, बेलुन तथा मायाको चिनोको व्यवस्था मिलाउने ।

❖ सबै उप-समितिहरुले आफुलाफ तोकिएको जिम्मेवारी सम्वेदनशील भई सम्पन्न गर्ने ।

❖ मुल्याङ्कन उप-समिति : नगर प्रमुख ज्यूको संयोजकत्वमा गठित आफुलाई प्राप्त जिम्मेवारी २०७६ असोज ३ मा झाँकी लगायत विभिन्न कार्यक्रम कला कौशल देखाई उत्कृष्ठ हुनेलाई पुरस्कारको व्यवस्था गर्ने ।

२. प्रस्ताव नं. २ उपर छलफल हुँदा मिति २०७६।०५।२६ गते श्रीमान् नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको संविधान दिवस २०७६ मूल समारोह समितिको बैठकको निर्णय नं २ बाट गठित उपसमितीहरुलाई तपसिल बमोजिमको जिम्मेवारी सहित उक्त उपसमितीहरुमा रहने सदस्य सचिव तथा सहयोगी कर्मचारीहरु तोकी जिम्मेवारी सहितको कार्यक्रम तालिका स्वीकृत गर्ने निर्णय गरियो :

नुमानन्द दमासे
अधिकृत सातौं

प्रमुख प्रशासकीय अधिकृत

# संविधान दिवश २०७६ मनाउने कार्यतालिका

| क्र.सं. | समितिको नाम र पदाधिकारी | कार्यविवरण र समय | सहयोगी शाखा/कर्मचारी |
|---|---|---|---|
| १ | **प्रचार/प्रसार उप-समितिः**<br>संयोजक - श्री अमृका बलामी, ९ नं. वडा अध्यक्ष<br>सदस्य - श्री लक्ष्मी भण्डारी पौड्याल, कार्यपालिका सदस्य<br>सदस्य - श्री नानीराम बस्नेत, प्र.अ. अरुणोदय मा.वि.<br>सदस्य - श्री विरेन्द्र कुमार बलामी, अध्यक्ष, दक्षिण क्षेत्रीय सहकारी समन्वय समिति<br>सदस्य - श्री कृष्ण कुमार श्रेष्ठ, प्र.अ. फर्पिङ मा.वि.<br>सदस्य - श्री राम बहादुर लो तामाङ, ने.क.पा. दक्षिणकाली नगर कमिटि<br>सदस्य - श्री शैलेश मान मानन्धर, नेपाली कांग्रेस दक्षिणकाली नगर समिति<br>सदस्य - श्री श्याम कुमार बस्नेत, रा.प्र.पा. प्रतिनिधि<br>सदस्य - श्री अर्जुन कुमार रञ्जितकार, रा.ज.पा.प्रतिनिधि<br>सदस्य - श्री केदार दुलाल, जनमोर्चा प्रतिनिधि<br>सदस्य - श्री प्रतिनिधि, नयाँ शक्ति नेपाल<br>**सदस्य सचिव - श्री लक्ष्मण दाहाल शिक्षा शाखा (9851172650)** | - संविधान दिवसको उपलक्ष्यमा व्यापक सहभागीता गराउन सुचना सम्प्रेषण गर्ने,<br>- २, ३ र ४ गते को कार्यक्रमको लागी सरोकारवालहरु सबैलाई जानकारी प्रवाह गर्ने,<br>- परिसम्वाद कार्यक्रमहरु सञ्चालन गर्ने,<br><br>मिति : २०७६/०५/३१<br>मिति : २०७६/०६/०१<br>माईकिङनगर भित्र सबै तथा सबै वडाहरुमा पत्राचार गर्ने | पत्रकार वा अन्य समाचारदाता<br><br>महेश शाक्य (वडा सचिव ६)<br>विकास गुरुङ( स.क.अ.)<br>सुशिला गैरे (सहायक पाचौं)<br>नमुना पन्त (बिष्ट) (स. चौथौं)<br>जयराम फुँयाल (का.स) |
| २ | **वृक्षारोपण उप-समितिः**<br>संयोजक - श्री श्याम बहादुर खत्री, ५ नं. वडा अध्यक्ष<br>सदस्य - श्री राजेश परियार, कार्यपालिका सदस्य<br>सदस्य - श्री भुपेश कुमार फुयाँल, राष्ट्रिय वाणिज्य बैङ्क लि.फर्पिङ<br>सदस्य - श्री गोविन्द महर्जन, सन्राईज बैङ्क लि.फर्पिङ<br>सदस्य - श्री अशोक श्रेष्ठ, अध्यक्ष, यल्खु टोल सुधार समित<br>**सदस्य सचिव - श्री हेम शर्मा पोखेल (9856028219)** | - असोज ४ गते विभिन्न स्थानमा फलफुलका विरुवाहरुको वृक्षारोपण गर्ने,<br>- रोपेका विरुवाहरुको रेखदेख र संरक्षण गर्ने ।<br><br>मिति : २०७६/०६/०४<br>समय : बिहान ठिक ८:०० बजे<br>स्थान : | वन उपभोक्ता समिति<br>सून्दर कुमार थापा(वडा सचिव २)<br>नारायणी के.सी (कुंवर) (फि.को.)<br>कान्छीमैया बुढाथोकी (सा.प.)<br>दिपक फुंयाल(का.स.) |
| ३ | **दिपावली उप-समितिः**<br>संयोजक - श्री जय थापा मगर, १ नं. वडा अध्यक्ष<br>सदस्य - श्री मनोज कुमार बस्नेत, ३ नं. वडा अध्यक्ष<br>सदस्य - श्री राज कुमार लामा, ८ नं. वडा अध्यक्ष<br>सदस्य - श्री रमा पहरी, कार्यपालिका सदस्य<br>सदस्य - श्री गौरी नेवा, कार्यपालिका सदस्य<br>**सदस्य सचिव - श्री सन्तोष तामाङ्ग (9840054826)** | - नगरपालिका भित्रका सबै सरकारी कार्यालयहरुमा २, ३ र ४ गते दिपावली गर्न लगाउने,<br>-नागरीकहरु तथा नगरबासीहरुको घरघरमा २, ३ र ४ गते साँझ दिपावली गर्न लगाउने ।<br><br>मिति: २०७६ असोज २,३ र ४ गते (सांझ)<br>स्थान सरकारी कार्यालय सबै, संघ-संस्था सबै, घर-घरमा | रामशरण भण्डारी (सह-लेखापाल)<br>रन्जिता बलामी (फि.को)<br>हरि शरण श्रेष्ठ (का.स)<br>मंगली श्रेष्ठ (का.स)<br>संगीता मानन्धर (का.स.) |
| ४ | **झाँकी कार्यक्रम उप-समितिः**<br>संयोजक - श्री शंकर मान महर्जन, ६ नं. वडा अध्यक्ष<br>सदस्य - श्री कविता खत्री, कार्यपालिका सदस्य | - सम्पूर्ण वडाहरुबाट झाँकीहरुको सुरुवात गरी दक्षिणकाली नगरपालिका प्राङ्गणमा भेला भई आफ्नो प्रतिभा प्रतिस्पर्धात्मक रुपमा प्रस्तुत गर्ने/गराउने । | गुम्बा प्रतिनिधि<br>रामशरण खड्का (खा.पा.स.टे.)<br>पवित्रा मरासिनी (स.म.बि.नी) |

नुमानन्द दमासे
अधिकृत सातौं

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | सदस्य - श्री लक्ष्मी श्रेष्ठ, सव-ईन्जिनियर<br>**सदस्य-सचिव - श्री मनोज बुढाथोकी, ईन्जिनियर**(9860205133) | कुर्सी तथा अन्य सामग्रीहरुको उचित व्यवस्थापन गर्ने,<br>- अतिथि सत्कारको लागी आवश्यक पर्ने माला, खादा, पुष्प गुच्छा, बेलुन तथा मायाको चिनोको उचित प्रबन्ध गर्ने,<br>- खानेपानीको व्यवस्थापन गर्ने। | |
| ९ | **सरसफाई उप-समिति**<br>संयोजक - श्री बसन्ती तामाङ डंगोल, उप-प्रमुख<br>सदस्य - श्री शारदा आचार्य, कार्यपालीका सदस्य<br>सदस्य - श्री महेश तामाङ, वडा सदस्य, द.न.पा. ७<br>सदस्य - श्री रामकुमार बस्नेत, प्र.अ.सेतीदेवी मा.वि.<br>सदस्य - श्री राम बलामी, नित्यनाथ सहकारी संस्था<br>**सदस्य-सचिव - श्री पेशल कुमार पोखरेल**(9845259708) | - असोज २ गते बिहान मठ-मन्दिर, बौद्ध गुम्बाहरु, चर्चहरु, पर्यटकीय स्थलहरु, नगरका प्रमुख चोकहरु लगाएत्का सार्वजनिक स्थलहरुमा सरसफाईको प्रबन्ध मिलाउने।<br><br>समयः | चन्द्र नारायण झा (वरिष्ठ कबिराज निरिक्षक)<br>ईन्दु कोईराला (कविराज छैटौं)<br>शोवराज अधिकारी (वडा सचिव ५)<br>मङ्गल बहादुर तामाङ(फि.को)<br>बद्री गिरी (सरसफाईकर्मी) |
| १० | **प्रभातफेरि उप-समिति**<br>संयोजक - श्री महेश तामाङ, वडा सदस्य, द.न.पा. १<br>सदस्य - श्री विक्रम तामाङ, वडा सदस्य, द.न.पा. ९<br>सदस्य - श्री सरोज के.सी., वडा सदस्य, द.न.पा. २<br>सदस्य - श्री मदन कुमार महर्जन, वडा सदस्य, द.न.पा. ५<br>सदस्य - श्री कुमार बलामी, वडा सदस्य, द.न.पा. ८<br>**सदस्य सचिव -श्री सुबन दवाडी, रोजगार संयोजक** (9841274700) | - असोज ३ गते नगर प्रमुख ज्यूको नेतृत्वमा सहभागीहरु सबैले हातहातमा झण्डा र ब्यानर लिई बिहान १०:३० बजे देखी प्रभातफेरी झम्केश्वरी प्राङ्गणबाट सुरु भई सात टोल घुमी नगरपालिका प्राङ्गणमा भेट हुने,<br>- र्‍यालीका सहभागीहरुलाई एकत्रित र व्यवस्थित गरी बस्ने व्यवस्था मिलाउने | भिमसेन पन्त (ज.स्वा.नि)<br>प्रभा श्रेष्ठ (नर्सिङ निरिक्षक)<br>तेज प्रसाद लुईटेल (अ.हे.व)<br>सुदर्शन आचार्य(वडा सचिव ८) |
| ११ | **वडास्तरीय समितिहरु** | | वडा अन्तर्गत रहेका विभिन्न संघ संस्थाहरु<br>वडा सचिव तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरु |
| | **कार्यक्रम संचालक समिति**<br>**संयोजक** - श्री घनश्याम न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य - श्री रमेश सिंह थापा, शिक्षा शाखा प्रमुख<br>सदस्य - ननिता खत्री, कानूनी सहजकर्ता<br>सदस्य - श्रीकृष्ण श्रेष्ठ, प्र.अ.<br>सदस्य - श्री रुद्र अधिकारी, माध्यमिक शिक्षक | | |
| | **दिपावली र पिउने पानीको व्यवस्थापनका लागि खटिने कर्मचारीहरु**<br>संयोजक - श्री हरी शरण श्रेष्ठ<br>सदस्यहरु - श्री जयराम फुँयाल, दिपक फुँयाल, मुरारी प्रसाद पौडेल, तरिमाया श्रेष्ठ, मंगली श्रेष्ठ, शुभद्रा के.सी., मङ्गली रम्तेल, तारा विडारी, बुद्धलक्ष्मी बलामी | | |

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं २०७३

नुमानन्द दमासे
अधिकृत सातौं

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | सदस्य - श्री निर्मला मंग्राती, कार्यपालिका सदस्य<br>सदस्य - श्री माया तामाङ, कला महिला कृषि सहकारी<br>सदस्य - श्री राजेन्द्र कुमार डंगोल,कोटाल टोल सुधार समिति<br>सदस्य - श्री मनोज कर्माचार्य, कोठेप-थठेप टोल सुधार समिति<br>सदस्य - श्री अजिमन महर्जन,टिपी टोल सुधार समिति<br>सदस्य - श्री राजेश श्रेष्ठ, कोछु टोल सुधार समिति<br>**सदस्य सचिव - श्री शरदचन्द्र सिंह, स्वास्थ शाखा प्रमुख** (9860205445) | मिति: २०७६/०६/०३ गते<br>समय : बिहान ठिक ८:०० बजे बाट प्रत्येक बडा टोल-टोल, बौद्ध गुम्बा, मठ-मन्दिर, संघ-संस्था, सहकारी, सबै बिद्यालयहरुबाट | ऋचा श्रेष्ठ (का.स.)<br>शुभद्रा के.सी. (का.स.) |
| ५ | **मुल्याङ्कन उप-समितिः**<br>संयोजक - श्री मोहन बस्नेत, नगर प्रमुख<br>सदस्य - श्री बसन्ती तामाङ डंगोल, नगर उप-प्रमुख<br>सदस्य - श्री घनश्याम न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य - श्री चन्द्र प्रसाद गैरे, ईलाका प्रशासन कार्यालय फर्पिङ<br>सदस्य - श्री हरि प्रसाद तिमल्सिना, ७ नं. वडा अध्यक्ष<br>**सदस्य सचिव - श्री गणेश गुरुङ** (9843930343) | - विभिन्न झाँकी तथा अन्य कार्यक्रमहरुको मुल्याङ्कन गरी पुरस्कारको लागी सिफारिस गर्ने ।<br><br>मिति : २०७६/०६/०३ गते बिभिन्न कार्यक्रममा संलग्न संघ – संस्थाबाट प्रस्तुतिकरण कार्यक्रमको र झांकीको मुल्याङ्कन गरी प्रथम-द्बितिय-तृतियलाई पुरस्कृत गर्ने । | गीता तामाङ (स.क.अ)<br>सरस्वती खड्का (सा.प.)<br>हरिशरण श्रेष्ठ (का.स)<br>श्रीकृष्ण बिष्ट (का.स.) |
| ६ | **झण्डा वितरण उप-समितिः**<br>संयोजक - श्री सुरेन्द्र मानन्धर, नगर उद्योग वाणिज्य संघ<br>सदस्य - श्री मिना मगर, कार्यपालिका सदस्य<br>सदस्य - श्री अशोक बलामी, ६ नं. वडा सदस्य<br>सदस्य - श्री मोहन खड्का, ६ नं. वडा सदस्य<br>सदस्य - श्री सविता दाहाल, एन. आई. सि. एशिया बैङ्क लि.<br>**सदस्य सचिव - श्री गिता कुमारी मैनाली महिला शाखा** (9849099631) | - नगरपालिकाको विभिन्न स्थानमा राष्ट्रिय झण्डा एवं ब्यानर सजाई नगरको श्रृङ्गार र सरसफाई गर्ने,<br>- फर्पिङ्गका सात टोलका चोकहरुमा ठुला ठुला झण्डाहरु फहराउने,<br>- वडा नं. १ देखी ९ सम्मका सबै चोकहरु (खहरे, चाल्नाखेल, बाँसबारी, भञ्ज्याङ्ग, डोल्लु, सतिखेल, फर्पिङ बसपार्क, नाराणडबली चोक, झम्केश्वरी चोक, दक्षिणकाली गेट, दाउरेचौर, राम्चेचोक) मा ठुला झण्डाहरु फहराउने,<br>- र्‍यालीमा सहभागीहरुलाई हाते झण्डाहरु वितरण गर्ने । | प्रदिप पौडेल (वडा सचिव ९)<br>सुरोज श्रेष्ठ (स.क.अ)<br>रजना के.सी. (सा.प.)<br>मुरारी प्रसाद पौडेल (का.स)<br>मङ्गली मिजार रम्तेल (का.स)<br>बसन्ती के.सी. (का.स.) |
| ७ | **शान्ती सुरक्षा उप-समितिः**<br>संयोजक - प्रहरी निरिक्षक राजाराम खड्का<br>सदस्य - श्री पुष्कर खड्का, ४ नं. वडा अध्यक्ष<br>सदस्य - प्रहरी नायव निरिक्षक हरि बस्नेत<br>सदस्य - प्रहरी हवल्दार खड्ग सिवाकोटी<br>**सदस्य-सचिव - श्री रामशरण भण्डारी,,सलेपा, राजश्व शाखा**(9841236867) | - असोज २, ३ र ४ गते हुने विभिन्न कार्यक्रमहरुमा सुरक्षाको प्रबन्ध मिलाउने,<br>- विशेष गरी असोज ३ गते हुने र्‍यालीमा सहभागीहरुलाई लाईनको उचित व्यवस्थापन गरी सुरक्षाको व्यवस्थापन गर्ने । | स्काउट<br>नेपाल रेडक्रस सोसाइटी<br>ईन्दल शाह (पशु चिकित्सक)<br>लक्ष्मण थापा (वडा सचिव ७)<br>रामप्रसाद अर्याल (का.स.) |
| ८ | **मञ्च व्यवस्थापन उप-समितिः**<br>संयोजक - श्री दयाराम पाण्डे, ईन्जिनियर<br>सदस्य - श्री वासुदेव बलामी, सव-ईन्जिनियर<br>सदस्य - श्री द्धारीका श्रेष्ठ, सव-ईन्जिनियर | - असोज ३ गते हुने समारोहमा उपस्थित अतिथि तथा सहभागीहरुलाई आसन ग्रहण तथा बसाईको व्यवस्थापन गर्ने,<br>- समारोहको लागी आवश्यक पर्ने साउण्ड सिस्टम, टेन्ट, | सन्तोष तामाङ (सूचना प्रविधि अधिकृत)<br>सुबन दवाडी (रोजगार संयोजक)<br>जयराम गिरी (वडा सचिव १)<br>सुवास के.सी. (अ.सव-ईन्जिनियर)<br>पुष्पा ढकाल( अमिन) |

नुमानन्द दमासे
अधिकृत सातौं

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा २०७६ असोज ३ गतेको कार्यक्रमका लागि प्रतिकूल मौसम समेतलाई ख्याल गरी नगरपालिका अगाडी झम्केश्वरी प्राङ्गणमा रहेको मञ्चलाई आवश्यक व्यवस्था मिलाई सभास्थलको रुपमा प्रयोग गर्ने गरी सञ्चालन स्थल तोक्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल हुँदा २०७६ असोज २ गते विहान ७.३० बजे नगर भित्रका संघ संस्था, मठ मन्दिर, बौद्ध गुम्बा, चर्चहरु, पर्यटकीय स्थलहरुमा सरसफाईको लागि सूचना सम्प्रेषण गर्ने र सोही समयमा नगरपालिकाको तर्फबाट जनप्रतिनिधी, कर्मचारी तथा अन्य सरोकारवाला सबै फर्पिङ्ग बसपार्कमा भेला भै सो क्षेत्रलाई केन्द्र बनाई नगर क्षेत्र भित्रका विभिन्न स्थानमा सरसफाई कार्यक्रममा सरिक हुने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल हुँदा मिति २०७६ असोज ४ गते विहान ७:३० बजे सबै सरोकारवालाको सहभागितामा दक्षिणकाली पार्क क्षेत्रमा १०० थान र वडा नं. ३ र ५ को सिमाना क्षेत्रमा ५० थान जति फलफूल र विभिन्न जातका रुख बिरुवा रोपी वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने र सो विरुवाको संरक्षणको लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल हुँदा संविधान दिवस २०७६ को कार्यक्रममा सरिक हुने उत्कृष्ट झाँकी, कार्यक्रम प्रस्तोतालाई मूल्याङ्कनको आधारमा प्रमाणपत्र सहितको उचित पुरस्कारको व्यवस्था गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ सम्बन्धमा छलफल हुँदा संविधान दिवस २०७६ लाई भव्यता र व्यापकताका साथ मनाउनका लागि नगरपालिकाका सबै जनप्रतिनिधी, राजनितिक दल, संघ संस्था, बुद्धिजिवी, नागरिक समाज, व्यवसायी, सबै तहका कर्मचारी, महिला स्वास्थ्य स्वयं सेविका लगायत सबैलाई व्यापक रुपमा सहभागिता गराउने र वहाँहरुले आ-आफ्नो औपचारिक पोशाकमा तोकिएका दिनहरुमा सरिक हुने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ को सम्बन्धमा संविधान दिवस २०७६ मनाउनका लागि गरिने कार्यक्रमहरुमा नगरपालिका अन्तरगतका सम्पूर्ण कर्मचारीहरु अनिवार्य रुपमा उपस्थित हुने र निजहरुको हाजिरी अभिलेख राखिने निर्णय गरियो ।

९. अन्य विविध विषयमा छलफल गर्दा संविधान दिवस २०७६ भव्य र व्यापक रुपमा मनाउँदा आइपर्ने खर्च व्यवस्थापन दक्षिणकाली नगरपालिका कार्यालयबाट मिलाउने निर्णय गरियो ।

नुमानन्द दमासे
अधिकृत सातौं

प्रमुख प्रशासकीय अधिकृत